## पाठ्यक्रम तथा परीक्षा संचालन र समन्वय

**३३. पाठ्यक्रम र पाठ्यसामग्री :** (१) स्थानीय तहका विद्यालयहरुमा पठन पाठन हुने पाठ्यक्रम निर्धारण गरे वमोजिम हुनेछ ।

(२) पाठय सामाग्रीको समयमै सहज उपलब्धताको सुनिश्चत गर्न कार्यपालिकाले आवश्यक कार्ययोजना वनाइ लागू गर्नेछ ।

**३४.परीक्षा संचालन तथा समन्वय समिति :** (१) नगर पालिका क्षेत्र भित्रको विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

(क) शिक्षा समितिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) नगर प्रहरी प्रमुख -सदस्य

(घ) सम्वन्धित स्थानीय तहमा रहेको जनपद प्रहरी इकाईको प्रमुख -सदस्य

(ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट परीक्षा समितिका अध्यक्षले मनोनय नगरेको १ जना प्रतिनिधी -सदस्य

(च) सार्बजनिक गुठी तथा निजी लगानीका विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट शिक्षा समितिका अध्यक्षले मनोनित गरेको २ जना प्रतिनिधी

(छ) बरिष्ठ शिक्षा अधिकृत १ जना -सदस्य

(ज) नगर शिक्षा अधिकारी -सदस्य-सचिव

(२) परीक्षा समितिका मनोनित पदाधिकारीको पदावधि दुई बर्षको हुनेछ ।

(३)परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४)स्थानीय तहको क्षेत्राधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(५) आधारभुत तह कक्षा ८ को परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ ।

(६ ) उपदफा ३ र ४ वाहेकको कक्षाहरुको परीक्षा संचालन समितिले निर्धारण गरेको मापदण्ड वमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ ।

**३६ .** अनौपचारिक शिक्षा, दूर शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, खुला शिक्षा तथा बैकल्पिक शैक्षिक कार्यक्रमको संचालन नगर कार्यपालिकाले कार्यविधि वनाई गर्नेछ ।

**३७. शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था :** (१) नगरसभाले वार्षिक रुपमा शिक्षाको गुणस्तर मापन गरी सुधारको लागि कार्यपालिकालाई निर्देशन दिनेछ । शिक्षा मंत्रालयले बनाएको गुणस्तरको खाका र पाठयक्रम विकास केन्द्रले बनाएको पाठयक्रमलाई मूल आधार मान्नुपर्ने छ ।

(२) नगरसभाले सामाजिक विकास समितिको संयोजकलाई शिक्षाको गुणस्तर अध्ययन प्रतिबेदन पेश गर्न लगाई सो उपर नगर सभामा छलफल गराउन सक्नेछ ।

(३) उपदफा (२) वमोजिम सामाजिक विकास समितिको संयोजकले नगर शिक्षा अधिकारीसँग समन्वय गरी गुणस्तर अध्ययन प्रतिवेदन तयार गर्नेछ ।

(४) गुणस्तर अध्ययन प्रतिवेदन सामाजिक विकास समितिका संयोजकले विज्ञ व्यक्तिको सहयोग लिई निर्धारण गरेको ढाँचा वमोजिम हुनेछ ।

(५) गुणस्तर अध्ययन प्रतिवेदन शैक्षिक सत्र समाप्त भएको दुई महिना पछाडी पेश गरी सक्नु पर्नेछ ।